# समृद्धिको पहिलो आधार, परिवेश सुहाउँदो भूमिसुधार
# नीतिगत सम्वाद

## प्रतिवेदन



चैत्र १३, २०७४
नेपालगञ्ज, बाँके

CSRC
आत्मनिर्भर केन्द्र

राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल

**समृद्धिको पहिलो आधार, परिवेश सुहाउँदो भूमिसुधार**
**नीतिगत सम्वाद, नेपालगञ्ज, बाँके**
**प्रतिवेदन**

'समृद्धिको पहिलो आधार, परिवेश सुहाउँदो भूमिसुधार' बिषयक नीतिगत सम्वाद कार्यक्रम बाँकेको नेपालगञ्जमा चैत्र १३ गते भयो । कार्यक्रममा उपस्थित सबैलाई जिल्ला भूमि अधिकार मञ्च, बाँकेका अध्यक्ष जसबिर वडले स्वागत गर्नुभएको थियो । उहाँले भूमिको मुद्धा पुरानो भएपनि परिवेश नयाँ भएकोले नीतिगत सम्बोधनमार्फत भूमिसुधारका काम गर्न सक्ने सुनौलो अवसर आएको कुरा राख्नु भयो । राष्ट्रिय भूमि अधिकार मञ्चका केन्द्रिय सदस्य मेघबहादुर विसीले भूमि अधिकारबाट वञ्चितहरुले २०६२-६३ को आन्दोलनमा महत्वपूर्ण भूमिका खेलेको कुरालाई बिसर्नु नहुने कुरा स्मरण गराउनु भयो । २००७ सालदेखि राजनीतिक दलहरुले उठाउँदै आएको भूमि सुधारको ऐजेण्डालाई व्यबहारमै लागु गर्ने उपयुक्त समय आएको हुनाले राजनीतिक दलहरुले यो अवसरलाई गुम्न दिन नहुने कुरामा जोड दिनु भयो ।

कार्यक्रममा आत्मनिर्भर केन्द्रका कार्यकारी निर्देशक जगत देउजाले आगामी परिवर्तित परिवेश र भूमि सुधारका एजेण्डाहरु समेटिएको कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।[1] प्रस्तुत कार्यपत्रमा महेश चौधरीले टिप्पणीसहित उक्त क्षेत्रका भूमि सम्बन्धि सवाल र नीतिगत तहमा सम्बोधन हुनुपर्ने बिषयमा आफ्नो बिचार राख्नुभयो । साथै प्रदेशस्तरको परिवेश र सवालका आधारमा नीतिगत बाटो खुलाउन लागिपर्ने प्रतिवद्धता माननीय प्रदेस सदस्यहरुले गर्नुभएको थियो । सम्वादमा ११ जना प्रदेश सभा सदस्य, स्थानीय तहका मेयर, उपमेयर, अध्यक्ष, उपाध्यक्ष, मानवअधिकार आयोग, ईन्सेकका प्रतिनिधि, पत्रकार, भूमि अधिकारकर्मी गरी १९ महिलासहित ७२ जनाको सहभागिता थियो ।
----

**जगत देउजा, कार्यकारी निर्देशक**

परिवर्तित सन्दर्भमा भूमि सुधारलाई कसरी अगाडि लिएर जाने भन्ने सन्दर्भमा हामी सबैको बिचारलाई एकत्रित गरेर अगाडि बढ्न सकिन्छ भन्ने सन्दर्भमा छलफललाई केन्द्रित गरिएको छ । नयाँ परिवेशपछि भूमिसुधार सम्बन्धि यो प्रारम्भिक खालको छलफल हो । राजनीतिक हिसावले हामीले जुन परिवर्तन प्राप्त गर्न सकियो, वास्तबमा हाम्रो लागि यो सपनाजस्तै हो । हामीले प्रदेश सरकार बन्ला, स्थानीय सरकार बन्ला, हामीले हाम्रो जनप्रतिनिधि चुनौला भनेर कमैले विश्वास गरेका थियौं । किनभने बिस बर्षदेखि हामी जनप्रतिनिधि बिहिन भएर बसिरहेका थियौं । यस्तो एक किसिमको सपना जस्तो कुरा जुन सम्भव भएको छ, हामी सबै नेपालीको लागि खुशीको कुरा हो । जसरी हामीले राजनीतिक लक्ष पुरा गऱ्यौं, अब यो आर्थिक रुपान्तरणको लागि नगरिनहुने भूमि र कृषिको जुन रुपान्तरण छ, त्यो बिषयमा बहश थालौं भन्ने उद्धेश्यले आज छलफल सुरु गरेको हो ।

[1] अनुसूचीमा विस्तृत छ ।

सलारु बागवानलाई सम्झौं जस्ले भूमि अधिकार आन्दोलनमा जिवनभरलाग्नुभयो, तर आफु बसिरहेको एक टुक्रा जग्गा को स्वामित्व प्राप्त गर्ने जुन उद्धेश्य राख्नु भएको थियो त्यो पुरा हुन सकेन र अहिले उहाँको छोराले उक्त मुद्धा खेपिराख्नुभएको छ । यस्ता धेरै मान्छेहरु जो यस आन्दोलनमा लागेको धेरै भैसक्यो, तर जुन लक्ष हासिल हुनुपर्ने थियो त्यति हुन सकेको छैन ।समृद्धि हासिल गर्ने हो भने भूमि र कृषिको व्यबस्थापन नगरेसम्म समृद्धि हासिल हुन सक्दैन । भूमिसुधार भूमिहीन, सुकुमबासी र मोही र साना किसानको मात्र चासोको मुद्धा होईन । हामी सबैको मुद्धा हो । खाली भूमि अधिकारबाट वञ्चितहरुको अबस्थामा मात्र परिवर्तन आउने हैन, उहाँहरुले मात्र न्याय पाउने होईन । सिंङ्गो ५ नम्बर प्रदेशको बिकासको लागि आ-आफ्नो गाउँपालिका या नगरपीलिकाको बिकासको लागि र सिङ्गो देश बिकासको लागि भूमि र कृषि सुधारको बिकल्प छैन । हाम्रो रोजगारी, जीबिका र अर्थतन्त्र नै भूमि र कृषिमा अडेको छ । त्यसैले यो मुद्धा भनेको सिङ्गो देशलाई सम्मुन्त बनाउने मुद्धा भएकोले यो सबैको सरोकारको बिषय हो । खाली सुकुमबासहरुलाई एउटा घडेरी दिने या मोहीहरुलाई मोहियानी हक दिने, बसिरहेको ठाउँको जग्गा दर्ता गरिदिने मात्र बिषय होईन । भूमि सुधारलाई वृहतरुपमा बुझ्नु पर्दछ र यसै अनुसार अगाडि बढ्न जरुरी छ ।

**महेश चौधरी, टिप्पणीकार**

समृद्धिको पहिलो आधार, परिवेश सुहाउँदो भूमिसुधार भन्ने जुन कार्यक्रमको आयोजना भयो, यो आँफैमा महत्वपूर्ण र समय सान्दार्भिक छ । राजनीतिक दलहरुले घोषणापत्र र अन्य दस्तावेजमा लेख्दै आएको बैज्ञानिक भूमि सुधार र परिवेश सुहाउँदो भूमि सुधार के फरक छ ? प्रष्ट हुनुपर्दछ । भूमि विज्ञ जगत देउजाले प्रस्तुत गरेको कार्यपत्र अत्यन्तै महत्वपूर्ण छ । सरकारले नेतृत्व गरिरहेको दलको संयुक्त घोषणा पत्र र जगत देउजाको प्रस्तुतीको भाव एउटै छ । संविधानले परिकल्पना गरेको समाजवादतिर छिटो छिटो गएर रुसको जस्तो दुर्घटना निम्त्याउनु हुँदैन । कृषिको क्षेत्र वृहत छ । कृषिको एउटामात्र होइन चौतर्फी विकास गर्न वर्तमान सरकारले प्रतिबद्धता गरेको छ । आत्मनिर्भर केन्द्र र राष्ट्रिय भूमि अधिकार मञ्चले भूमिहीन किसानहरुको भूमि सम्बन्धी अधिकार सुरक्षित गर्न विभिन्न कार्यक्रम गरिरहेको छ ।

पहाडे समुदायको अत्यधिक बसाई सरेपछि थारुहरु विस्थापित हुने क्रम बढ्यो । होमबहादुर श्रेष्ठको नेतृत्वमा आयोग गठन गरी थारुहरुको घरवास दर्ता गर्ने परिपाटी बस्यो । यो प्रक्रिया राजा महेन्द्रसाथमा केही थारु अगुवाहरुको गरेको अनुरोधमा सम्भव भएको हो । ऐतिहासिक, राजनैतिक उपलब्धीका रुपमा २०७२ सालमा संविधान पाएका छौं । सामन्तीवादको अन्त्य भएर पुँजीवादी शासनको सुरुवाती चरणमा छौं । जग्गा चक्लाबन्दी भएन भने यान्त्रिकरण गर्न सकिँदैन त्यसैले यो चक्लाबन्दी गर्ने भन्ने बुँदामा हेरफेर गर्नु पऱ्यो । पेशामा विविधिकरण गर्नुपर्ने आजको आवश्यकता हो । अत्यधिक मात्रामा भएको रासायनिक मलको प्रयोगले हाम्रो जमिन बञ्जर हुँदै गईरहेको छ । डिएपीले हाम्रो जमिनलाई डल्लामा परिणत गरिरहेको छ ।

अहिले चिल, गँडयौला, आदि नासिँदै मासिँदै गइरहेका छन् । पछि गएर ठूला ठूला जनावरहरु पनि मर्न सक्छन् । अल्सर क्यान्सर, जण्डीस आदि रोग बढिरहेका छन् । पहिले बसोवास गर्ने आदिवासी भूमिहीन

हुँदै कमैया, कमलरी भए । उनीहरु मुक्त त भए तर अहिले उनीहरुको स्थिति साह्रै दयनीय भएको कुरा जगत देउजाले चर्चा गर्नुभयो । कृषि क्रान्तिमा जोड दिन कृषिमा आधारित उद्योग धन्दाको विकास गर्नुपर्‍यो । २०६६/६७ को तथ्याङ्क ९६.१९ प्रतिशतले आफैँले उत्पादन गरेको आफैँ उपभोग गर्थे भने अहिले ३.८१ प्रतिशतले मात्र खान्छन् । अरुले बेचविखन गर्छन । व्यवसायिक खेतीमा जानुपर्छ नभए सम्बृद्धि सम्भब हुँदैन । जडिबुटी खेतीमा जोड दिनु आवश्यक छ ।

## डा. भरत श्रेष्ठ

महिलाको नाममा जमिनको स्वामित्वका लागि राजस्व छुट, संयुक्त पूर्जा सम्बन्धि नीतिले योगदान गरेको छ । जग्गा बाँझो राख्न नपाउने नीति कार्यान्वयन पनि हुँदैछ । भूमि अधिकार स्थापितका लागि आत्मनिर्भर केन्द्रको ठूलो भूमिका छ । भूमिको उपयोग हुनुपर्‍यो, प्रयोगमा मात्रै फोकस हुनु भएन । पहुँच भएको जुनसुकै स्रोतको पनि उपयोग गर्ने । हामीले वनको संरक्षण गर्‍यौं तर त्यसको उपयोग हुन सकिरहेको छैन । कृषि आधुनिकीकरणका लागि आवश्यक छ ।

## खुल्ला छलफल

## आइपी खरेल, प्रदेश सभा सदस्य, बाँके

राज्य जबसम्म बलियो हुँदैन तव गलत चिजहरुले खेल्न पाउँछन् । भूमि अधिकारकर्मीहरुले नै संरक्षण गरेका कतिपय मान्छेहरुको अर्को ठाउँमा जग्गा छ । वास्तविक भूमिहीन छुट्याउन तपाईंहरु साँच्चै निष्पक्ष र इमान्दार हुनुपर्छ । गलत मान्छेलाई संरक्षण दिनुहुदैन । यस प्रदेशमा आगामी पाँच बर्षभित्र कुनै न कुनै ढंगले भूमिको समस्यालाई समाधान गर्ने भन्ने बहश सुरु गरेका छौं । जमिन वितरण गर्ने प्रणाली कस्तो हुने ? हरेक ठाउँमा अधिकार खाज्ने तर कर्तव्यवोध कतै नगर्ने ? यो कुराको ख्याल गर्नु पर्दछ । तर भूमिको समस्या समाधान चाँही गर्नुपर्दछ । कतिपय मानिसहरु चौराहामा व्यापार गर्ने र बस्ने ठाउँ चाहिएको छ । कतिपय मानिसहरु तिन चार तला घर र ठुलो व्यवसाय छ तर सुकुम्बासी हु भन्छन् । यी दुईफरक कुरालाई भिन्न ढंगले बिश्लेषण गर्नुपर्दछ । कर्मचारी, व्यवसायी हो तर घर चाँहि ऐलानी जग्गामा छ । यस्तो अवस्थामा के  गर्ने ? रेमिट्यान्स एउटा अस्थाई स्रोत हो अन्तराष्ट्रिय परिवेश परिवर्तन भयो भने तत्काल असर गर्छ । मानिसहरुले खेती गर्न छोड्नुको पछाडि सरकारको पनि कमजोरी छ । अधियाँ लगाउने चलनको लगभग अन्त्य नै भइसक्यो । आफ्नै जग्गा बाँझो छ । दुई-चार हजार पैसा छ भने ग्याँस लिएर चोकमा गएर चिया पसल थापिहाल्छन् । खेती गर्नै छोडे । एउटा परिवारले १० बिघासम्म जग्गामा अधियाँ लिएर खेती गर्दथे । अहिले खेतीमा मानिसको ध्यान छैन । परिवेश भन्ने कुरा सधैँ बदलिरहन्छ । यस्ता कुरालाई बिचार गर्नुपर्दछ । करार नीति ल्याउँदा राम्रै हुन्छ । व्यक्तिले कमाउने जग्गा बाँझो भयो भने व्यक्तिले राज्यलाई कर दिनुपर्दछ । घरवास सबैलाई हुनु पर्छ । जग्गा चाँही जोत्नेलाई नै दिनुपर्छ । यसका लागि समय लाग्छ । अवको दुईदेखि तिन बर्षमा भूमि सम्बन्धी सबै विषयको टुङ्गो लाग्छ । भूमाफियाहरुलाई चाँहि रोक्नु पर्छ । आयोगहरु समस्या समाधान गर्नेभन्दा पनि पैसा कमाउन गठन गरिएजस्ता भए । खोज्यो भने छ्यापछ्याप्ती नक्कली

लालपूर्जा पाइन्छन् । प्रदेश सरकार आफैँ अस्तव्यस्त छ । भूमि अधिकारमा काम गर्ने साथीहरुले बास्तविक भूमि हीन को हुन भन्नेकुरा पहिचान गर्नुपर्छ ।

**रेवतीरमण, प्रदेश सभा सदस्य, दाङ (ख)**

अधिकारको लडाई अव टुङ्गियो । अव समृद्धितर्फ लाग्नुपर्छ । कृषि र उद्योगधन्दा सम्बन्धी कानून बनाउँदा अनुभवी पूर्व कमलरी, अधिकारकर्मी सबैको पहलमा कानून बन्नुपर्छ । कानून बनाउँदा त्यसमा प्वाल राख्ने अनि त्यहीँबाट आफैँ छिर्ने भइरहेको छ त्यस्तो बन्द हुनुपर्छ । अझै पनि राज गुठी, नीजि गुठी सम्बन्धि विषयहरु छिनोफानो भएका छैनन् । अहिलेको निर्वाचित सरकारको काम नगर्ने नियत पनि होइन, बहाना पनि छैन । अव सबै सँगै मिलेर काम गर्ने हो । भूमिको समस्या समाधानमा सरकार गम्भिर हुनुपर्छ । अव जग्गाको पुनः नापी हुनुपर्छ । अनिमात्र लगत नयाँ हुन्छ ।

**उत्तरकुमार ओली, प्रदेश सभा सदस्य, दाङ**

कानून र संविधानका धारा देखाउँदा अधिकार दुरुपयोग गरिरहेको अवस्था पनि छ । प्रदेशले गर्ने कामलाई हामी व्यवस्थित गर्नेनै छौँ । खाली रहेका जमिन जुन परिवारले उपयोग गरिरहेका छन्, त्यो उनिहरुकै नाममा दर्ता गर्नुपर्छ । कर्मचारीहरुले पनि सहयोग गरेको छैन । यो सरकारको पाँच बर्षको अवधिमा भूमि सम्बन्धी तमाम समस्या समाधान गर्नैपर्ने हुन्छ । अधिकारकर्मीहरुले स्थानीय तहलाई स्पष्ट र वास्तविक विवरण संकलन गर्न सहयोग गर्नुपर्छ । सरकारलाई नीति बनाउन र कार्यान्वयन गर्न सजिलो बनाउन भूमिका आवस्यक छ । हामीले निर्वाचनका बेला ऐलानी जग्गामा बसोबास गर्नेहरुलाई लालपूर्जा दिनेछौँ भन्ने प्रतिवद्धता गरेका हौँ । अव त्यो कार्यान्वयन गर्ने बेला आएको छ । संधै संस्थाहरुले सुकुम्वासी र भूमिहीनहरुलाई यथार्थ पहिचान गर्नु पऱ्यो । राजनैतिक छायाँभित्र कोही रहनुभएन । अव कठोर निर्णय गर्नुपर्ने बेला आयो । मेरो हकमा मैले आफन्त भएकै भरमा जग्गा हुनेलाई सुकुम्वासी हो भनेर सिफारिस गर्दिन । महिलाहरुको जमिनमा स्वामित्व प्रभावकारी भएकै छैन ।

**कुलप्रसाद पोखेल, प्रदेश सभा सदस्य, बर्दिया**

समाजका सबै तह, तप्का र क्षेत्रका अनुभवी विज्ञ र सम्बन्धित समुदायहरुले नीति निर्माण र राष्ट्र निर्माणको यो अभियानमा सहयोग गर्नुपर्छ । भूमिको दिगो व्यवस्थापन गरेर अघि बढ्नुपर्छ ।

**याकुव अन्सारी, प्रदेश सभा सदस्य, बाँके**

भूमि नहुनेहरुका लागि नै हो भूमि अधिकार पहिले । नीतिहरु बनाएर सबैको भूस्वामित्व सुनिश्चित गर्नुपर्छ । महिलाहरुको हकमा संयूक्त पूर्जा, संवृद्धि ल्याउन भूमिको चाक्लाबन्दी हुनुपर्छ । हाम्रो देशमा ७० प्रतिशत जनताले खेती गर्दा पनि अझै भारतको भर परिरहनु परेको छ । रासायनिक मलको प्रयोगमा प्रोत्साहन नगर्ने, प्रदेशको हकमा हामी भूमि सम्बन्धी नीति ल्याउँदा परिवेश सुहाउँदो बनाउँछौं।

**कविराम थारु, प्रदेश सभा सदस्य, बर्दिया**

मेरो क्षेत्र गाउँपालिका जोताहा किसान, सुकुम्वासी, मुक्त कमैया मेरै क्षेत्रमा भद्रगोल छ । अव प्रदेशमा बन्ने कानूनमा कुनै पनि किसिमको प्वाल रहनु हुँदैन । जग्गा बाँझो रहनुको कारण जग्गाधनीहरु सजिलो खेती आफू गर्ने कठीन श्रम गर्नुपर्ने खेतीका लागि किसानलाई जग्गाा दिने भएकाले कृषिश्रम गर्ने कृषकहरु निरुत्साहित भएका छन् । यसले गर्दा बाँझो जग्गा बढ्दै गइरहेको छ ।

**धमकली चौधरी, प्रदेश सभा सदस्य, दाङ**

गरीवहरुलाई सबभन्दा बढि गाँस, बास र कपासको लागि भूमिको व्यबस्थापन अपरिहार्य छ । पकिसानलाई खेतियोग्य जग्गाको व्यबस्थापन गर्नुपर्दछ । मल, बीउ, कृषि औजारमा बिशेष सहुलियत दिई व्यबस्थापन गर्नुपर्दछ ।

**भागीराम चौधरी, गाउँपालिका अध्यक्ष, दङ्गिसरण गाउँपालिका**

भूमि अधिकार आन्दोलनमा आँफै थिए, अहिले भूमिका फेरिएको छ । अधिकारको हिसावले कानून संघ र प्रदेशले बनाएपनि कार्यान्वयन गर्ने स्थानीय तहमै हो । स्थानिय सरकारले तुरुन्तै गर्न सक्ने कामहरु तथ्याङ्कहरु अद्यावधिक गर्न, भू-उपयोग नीति कार्यान्वयन गर्ने सुनौलो अवसर छ । २०२१ सालको मोहीलाई आधा जग्गाको हक दिलाउने अवसर पनि छ ।

**शान्ती ढकाल, सुकुम्वासी आयोग पूर्व अध्यक्ष, वाँके**

४५ हजार निवेदन संकलन भएको थियो । तीमध्ये धेरै २०२०-०२१ देखि बसोवास गरिरहेका र पूर्जा नभएकाहरुको संख्या धेरै छ । जग्गा भएकाहरु एकदम थोरै मात्र छन् । ठूलो बस्ती भएको ठाउँमा बसोबास गर्नेहरुको पनि पूर्जा छैन । त्यस्ता बस्तीलाई पूर्जाको व्यवस्था गर्नु पर्छ ।

कार्यक्रमको अन्तमा, जिल्ला भूमि अधिकार मञ्चका अध्यक्ष केशबहादुर विकले तथ्याँङ्क संकलनमा भूमि अधिकार मञ्चले सहयोग गर्न सक्ने बिचार व्यक्त गर्नुभयो । साथै उठीबास सम्बन्धी राज्यको गराई र भनाई फरक फरक भएको र कुनै एक ठाउँमा बसिरहेका मानिसहरुलाई कुनै विकल्प नदिई बस्ती हटाउने निर्णय बन्द गर्नुपर्ने कुरामा जोड दिनुभयो । व्यबस्थित बसोबास आयोगमा आयोगहरुमा भूमि अधिकारबाट वञ्चितहरुको प्रतिनिधित्व गराउनु पर्ने कुरा राख्नुभयो ।

----

भूमि सुधार कसरी र कहिले गर्ने भन्ने बिषयमा उठेका सबै प्रश्नहरु महत्वपूर्ण थिए । यो शुरुआती बहस हो । यसको निरन्तरता दिने प्रतिबद्धता जनाउँदै कार्यक्रम समापन भएको थियो ।

## अनुसूची १ : प्रस्तुती

समृद्धिको पहिलो आधार, परिवेश सुहाउँदो भूमिसुधार

**जगत देउजा, भूमिअधिकारकर्मी**

## १. पृष्ठभूमि

मुलुकको आर्थिक समृद्धि, खाद्यसुरक्षा, शान्ती र स्थायित्व प्राप्त गर्न भूमिको समुचित उपयोगले महत्वपुर्ण आधार दिन्छ । ६६ प्रतिशत नागरिकहरुको जीवन निर्वाहको मूल आधार कृषि पेशा रहेको नेपालको सर्न्दभमा यसको उपयोग र व्यवस्थापनले ल्याउने प्रभाव निकै फराकिलो हुन्छ ।

भूमिमाथिको स्वामित्वको अवस्थाले परिवारहरूको आर्थिक हैसियत, जीविका, समाज तथा राज्यसँगको शक्ति-सम्बन्धलाई प्रभावित गर्छ । पछिल्लो समयमा जमिन केवल उत्पादनको परम्परागत साधन मात्र रहेन । यो त बजार र वित्तीय पुँजीको विस्तारका कारणले आफूसँग भएको भूमिको स्वामित्व आफैसँग राखेर सानो ठुलो पुँजीमा रूपान्तरण गर्न मिल्ने धितो राखिने सम्पत्ति पनि भएको छ । यसैगरी उपलब्धताको सिमितता र त्यसको उपयोगको बजारीकरण तथा गैरकृषि प्रयोगको सम्भावना बढ्दै जाँदा यसको बजार मूल्यमा आइरहेको तीव्र वृद्धिका कारण भूमिमा रहेको स्वामित्वको अवस्थाले परिवारहरूको आर्थिक सामाजिक हैसियतमा परम्परागत समाजको तुलनामा महत्त्वपूर्ण प्रभाव पारिरहेको छ ।

भूमिमा आश्रित परिवारहरू, आदिवासीहरू, जमिन र जङ्गल या जलस्रोतमा आधारित जीविकाको स्रोत र त्यसबाट निर्मित संस्कृतिबाट बनेको समाजमा यसको अर्थ बृहत्तर हुन्छ । प्रकृतिसँग सहज ढङ्गले सम्बन्ध गाँसेर त्यसको उपयोग गर्ने, त्यसको उपयोगिता या उत्पादकत्वको निरन्तरताका लागि आफ्नै अनुभव र ज्ञानका आधारमा उपयोगका तरिकाहरू कायम राख्ने आदिवासीहरूको परम्परामा भने पछिल्लो समयमा तीव्र हस्तक्षेप भएको छ ।

## २. भूपरिवेश

नेपालमा कुल जनसङ्ख्याको २५.२ प्रतिशत मानिस गरिबीको रेखामुनि छन् । त्यस्तै कुल जनसङ्ख्याको २९ प्रतिशत श्रमिक किसान भूमिहीन छन् । यसबाट के प्रष्ट हुन्छ भने जो भूमिबिहीन किसान छन् तिनै गरिब पनि छन् । तिनै शक्तिहीन छन् । नेपालमा भूमिहीनता भनेकै गरिबी हो । नेपालको कुल खेतीयोग्य जमिनको ३७ प्रतिशत भूमि ५ प्रतिशत धनी व्यक्तिको हातमा छ भने ४७ प्रतिशत साना किसानको हातमा केवल १५ प्रतिशत जमिनमात्र छ।

खेती गर्ने सिप ज्ञान भएका अधिकांश मानिससँग जमीन छैन र जोसँग तुलनात्मकरूपमा बढी जमिन छ तिनमध्ये धेरैले आफैं खेती गर्दैनन् तर उत्पादनको ठूलो हिस्सा लिन्छन् । उत्पादनको महत्वपूर्ण साधन जमिन र उत्पादनको अर्को साधन श्रमलाई अलग राखिदिएको छ । जोसँग उत्पादन गर्ने क्षमता ( श्रम) छ उनीहरुसँग साधन छैन । उत्पादन र उत्पादकत्व घट्नुमा श्रम शक्ति र उत्पादनका साधनको असमन्वयात्मक सम्बन्धको भूमिका महत्वपूर्ण छ ।

भूमि स्वामित्वको कुरा खेती गरी उपार्जन गर्ने कुरामात्र हैन । राज्य सुविधा उपयोग गर्न, सामाजिक सुरक्षा प्राप्त गर्न, सामाजिक हैसियत कायम गर्न तथा राजनीतिक समावेशी प्रवर्द्धन गर्न पनि सम्बन्धित छ ।

४ लाख ८२ हजार गरिब परिवारसँग घर बनाउने र खेती गर्ने जग्गा छैन । उनीहरुको जीवन धान्ने अन्य पेशा व्यवसाय पनि छैन । र, जोखिमपूर्ण ठाउँमा सुकुमबासी जीवन बाँचिरहेका छन् । अर्को ९ लाख ५७ हजार कृषि श्रमिक परिवारसँग नाममात्रको जग्गा छ । जसले उनीहरुको सामान्य जीवन पनि चल्दैन । यी किसान परिवार अरुको जग्गामा श्रम गरेर बाँचिरहेका छन् । यिनीहरुमा दलित, जनजाति र महिला सबभन्दा बढी छन् । नेपालका सम्पूर्ण दलितसँग कृषियोग्य भूमिको १% मात्र स्वामित्व छ । उनीहरुको बाँच्ने मुख्य आधार खेतीपाती नै हो । यस्तो अमिल्दो भूस्वामित्व नै दलितहरुको गरिबीको मुख्य कारण हो । यही अन्यायपूर्ण भूस्वामित्वका कारण समाजमा शोषणका प्रथा, जस्तै- कमैया, हलिया, हरुवा/चरुवा, कमलरी, बालीघरे, बँधुवा आदि समाजमा कुनै न कुनै रूपमा विद्यमान छ ।

भूमि हुने र नहुनेलाई राज्यले फरक व्यवहार गर्दै आएको छ । जग्गाधनी पूर्जा नहुनेले वित्तीय संस्थाबाट ऋण लिन सक्दैन । वित्तीय सेवामाथि अधिकार स्थापित गराउन पनि कहीँ न कहीँ स्थिर सम्पत्ति चाहिन्छ । त्यो घर जग्गा हो । हैन भने पुँजीको उपयोग जसले धेरै धितो राख्न सक्छ उसैले धेरै गर्छ । उसैको सम्पत्ति बढ्छ । नहुनेको तल-तल जान्छ । विद्युत्, खानेपानी आदि आधारभूत सेवा पाउन थप रकम धरौटी र प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ । अरु विकासका अवसर पाउने र नपाउने भन्ने विषय पनिभूमिसँग सम्बन्धित छ । सरकारले जनता आवास कार्यक्रम सञ्चालन गर्दा सुकुमबासीले पाएनन् किनकि उनीहरुसँग दर्ता भएको घडेरी थिएन । भूमि नभएकालाई सिँचाइ योजना र कृषि सुधारको तालिमले कुनै फाइदा हुँदैन । पशुपालन गर्ने हो भने पाल्ने ठाउँ कहाँ हो ? घाँस काट्ने ठाउँ कहाँ हो ?

सम्भवतः साह्रै महत्वपूर्ण भएर पनि पर्याप्त चर्चा हुन नसकेको विषयमा भूस्वामित्व, कृषि प्रणालीको सुधार र समाजिक तथा राजनीतिक शक्तिबीचको अन्तरसम्बन्ध हो। जसरी जमिन उत्पादनको साधन हो त्यसैगरी जमिन गरिबीको रेखाबाट बाहिर निस्कने माध्यम पनि हो । जोसँग खान पुग्ने अन्न उब्जाउने जमिन छ उनीहरुको शिक्षा, स्वास्थ्यको अवस्था राम्रो छ । सामाजिक हैसियत छ । राजनीतिमा सहभागिता छ । नीति निर्माणमा प्रभाव पार्ने शक्ति छ । उनीहरु विभिन्न पेशा/व्यवसायमा लागेका छन्। जमिन हुनेहरुको अवसरका स्रोत बढीभन्दा बढी हुँदैछ भने आफ्नो जमिन नहुनेहरु अरुको जमिनमा काम गर्ने श्रमिकका रूपमा पुस्तौँपुस्ता बिताइरहेका छन् । २०/३० वर्षको प्रवृत्तिविश्लेषण गर्ने हो भने जमिन भएका परिवारका सदस्य गाउँ, सहर र विदेशमा अध्ययन, पेशा, व्यवसाय सञ्चालन गरेर राम्रो जीवनयापन गरिरहेका छन् भने उनीहरुको जमिन कमाउनेहरुको हालमा कुनै परिवर्तन आएको छैन । त्यसैले जमिन अधिकांश कृषि पेशामा आश्रित मानिसलाई गरिबीको रेखाभन्दा बाहिर लैजाने साधन हो ।

गरिबी निवारणका नीति तथा कार्यक्रमएकोहोरो आर्थिक वृद्धिमा केन्द्रित छन् । सो वृद्धि कसका लागि हुन्छ र कसले त्यसको लाभ लिन्छ, कसले लिनसक्दैन भन्ने विश्लेषण पर्याप्त भएको छैन । सञ्चालित कार्यक्रमले अहिलेको अन्यायपूर्ण शक्ति संरचना र स्रोत तथा साधनको पहुँच र स्वामित्को खाडल पुर्न सक्दैन । यस्ता कार्यक्रम गरिबसम्म पुग्नै सक्दैनन् । स्रोत तथा साधनमा गरिबको पहुँच र नियन्त्रण कायम नगराई गरिबीलाई आधारभूत ढङ्गले सम्बोधन गर्न सम्भव छैन । गरिबीको दलदलमा

बाँचिरहेका मानिसका यी सबै यथार्थ भूमिसँग जोडिएको छ । यसको सम्बोधन भूमि तथा कृषिको रूपान्तरणबाट मात्र सम्भव छ । कृषि भूमि यी मानिसका लागि सधैँका लागि आवश्यक छन् भन्ने होइन तर अहिले उनीहरुले भोगिरहेका समस्याको समाधान गर्ने पहिलो कदम भने पक्कै हो ।

## ३. संविधानमा के छ ?

संविधानमा भूमि सुधारको विषय भाग ३ को मौलिक हक र कर्तव्य, धारा २५ को सम्पत्तिको हकअन्तर्गतको उपधारा ४ मा समेटिएको छ । जसमा भूमिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न, कृषिको आधुनिकीकरण र व्यवसायीकरण, वातावरण संरक्षण, व्यवस्थित आवास तथा सहरी विकास गर्ने प्रयोजनका लागि राज्यले कानुनबमोजिम भूमि सुधार, व्यवस्थापन र नियमन गर्न बाधा नपर्ने र यसका लागि सम्पत्तिसम्बन्धी व्यवस्थासमेत बाधक नहुने उल्लेख छ । सरकारले चाहेमा आवश्यकताबमोजिम जस्तोसुकै मोडलको भूमि सुधार पनि गर्न सक्ने र नचाहेमा गर्नैपर्ने कुनै बाध्यकारी अवस्था प्रत्यक्षतः देखिँदैन । तर धारा ३६ मा प्रत्येक नागरिकलाई खाद्यसम्बन्धी हक, खाद्य वस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक र कानुनबमोजिम खाद्य सम्प्रभुताको हक तथा धारा ३७ मा प्रत्येक नागरिकलाई उपयुक्त आवासको हकको व्यवस्था उल्लेख छ । यी हक भूमि सुधारबाहेकको प्रयत्नले मूलतः पूरा नहुने हुँदा भूमि सुधार तीनवटै तहका सरकारको प्राथमिकताको विषय हुनैपर्छ । यसबाहेक धारा ४० मा राज्यले भूमिहीन दलितलाई कानुनबमोजिम एकपटक जमिन उपलब्ध गराउनुपर्ने व्यवस्था छ । जसको कार्यान्वयन भने बाध्यकारी हुन्छ ।

संविधानको भाग ४, धारा ५० को निर्देशक सिद्धान्तमा उल्लेख कृषि र भूमि सुधारसम्बन्धी नीतिमा (१) भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमि सुधार गर्ने, (२) अनुपस्थित भू-स्वामित्वलाई निरुत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, (३) किसानको हक हित संरक्षण र संवर्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भूउपयोग नीति अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायीकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने, (४) भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलनसमेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने भनिएको छ । संविधानमा अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने तथा योजनाबद्ध र व्यवस्थित बस्ती विकास गर्ने र मुक्त कमैया, कमलरी, हरुवा, चरुवा, हलिया, भूमिहीन, सुकुमबासी पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने नीति लिने व्यवस्था पनि गरिएको छ ।

यसैगरी दफा २९० मा गुठीसम्बन्धी व्यवस्था छ जसमा गुठीको मूलभूत मान्यतामा प्रतिकूल असर नपर्ने गरी गुठी जग्गामा भोगाधिकार भइरहेका किसान एवं गुठीको अधिकार सम्बन्धमा सङ्घीय संसद्ले आवश्यक कानुन बनाउनेछ भनिएको छ । संविधान उत्कृष्ट हुँदाहुँदै पनि वैज्ञानिक भूमि सुधार कतै व्याख्या नभएको सम्बन्धमा जस्तो पनि अर्थ्याउन मिल्नेखालको छ । त्यस्तै गुठीसम्बन्धी कानुन बनाउने अधिकार सङ्घीय सरकारलाई दिइएको छ भने व्यवस्थापनको अधिकारचाहिँ प्रदेश सरकारलाई छ । यी र यस्तै विषयमा केही अलमल अवश्य छन् जसलाई कानुन निर्माणका क्रममा चिर्न सक्नुपर्छ ।

**कुन तहको अधिकार कति ?**

| सङ्घको अधिकार सूची | प्रदेशको अधिकार सूची | सङ्घ र प्रदेशको साझा अधिकार सूची | स्थानीय तहको अधिकारको सूची | सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची |
|---|---|---|---|---|
| भूउपयोग नीति बस्ती विकास नीति | घर जग्गा रजिस्ट्रेसन शुल्क, भूमि व्यवस्थापन, जग्गाको अभिलेख र गुठी व्यवस्थापन | सम्पत्ति प्राप्ति, अधिग्रहण र अधिकारको सिर्जना भूमि नीति र सोसम्बन्धी कानुन | स्थानीय कर ( सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिस्ट्रेसन शुल्क, मालपोत सङ्कलन घर जग्गा धनी पुर्जा वितरण | सुकुमबासी व्यवस्थापन |

भूउपयोग नीति र बस्ती विकास नीति सङ्घको एकल अधिकार सूचीभित्र छ । जुन प्रदेशको हुँदा बढी व्यावहारिक र प्रभावी हुने थियो । यता भूमि नीति भने सङ्घ र प्रदेशको साझा सूचीमा राखिएको छ । यो सङ्घीय सरकारको एकल सूचीमा रहेको भए सहज हुने थियो । सुकुमवासी व्यवस्थापन तीनवटै सरकारको साझा सूचीमा राखिएको छ । यस्तो व्यवस्थाले यो विषयलाई थप जटिल त बनाउँदैन भन्ने शङ्का गर्ने ठाउँ दिएको छ । माथि उल्लिखित सङ्क्षिप्त सूचीलाई मन्त्रिपरिषद्ले विस्तृतीकरण गरेको छ। जसमा धेरै अधिकार क्षेत्र स्पष्ट पारिएका छन् । यद्यपि यसको व्याख्या गर्ने कार्यमा प्रश्न उठेमा भोलि कतिपय विषय अदालतसम्म पुग्ने स्थिति आउन पनि सक्छ ।

## ४. भूमि सवालहरु

- सुकुम्वासीको आवास र जिवीका मुख्य सवाल हो । प्रकोपभूमिहिनताको मुख्य कारण देखिएको छ। यस सम्बन्धी एकिन लगतको अभाव छ ।
- बहुदल पश्चात् १३ वटा सुकुम्वासी आयोग बन्यो । १४६,१६९ परिवारलाई ४५,९०७ विगाहा र ९४६० रोपनी जमिन उपलब्ध गराएको देखिन्छ । (गोपालमणी गौतम प्रतिवेदन २०६९)
- पुस्तौंदेखी बसोवास र खेति भईरहेको जग्गा दर्ता नभएको कारण पनि समस्या छ ।
- विकल्पविना उठिवास गराईने क्रम बढेको छ । पछिल्लो सुकुम्वासी आयोगमा परेका निवेदनहरु( सुकुम्वासी २,१९,७४३, भूमिहिन ७२,६२७ अव्यवस्थित ५,६९,२१७) स्रोत : सुकुम्वासी आयोग २०७१ छन्।
- मोहियानी हकको सुरक्षा र स्वामित्व बाँडफाँट अर्को महत्वपुर्ण सवाल रहेको छ । पूर्ण तयारीबिना गरिएको मोहियानी सुधार नीतिले मोही असुरक्षित छन् । द्वैध स्वामित्व कानुनी रुपमा कायम नगरीकन अन्त्य गरिएको छ । ऐलानीमा अँधिया/वटैया लिने चलन देखिन्छ ।
- मोही निवेदन : १८१९०५४, ४ नं फाराममा मोही निस्केको १५,५५,९१०, मोही प्रमाणपत्र पाएका ४६९,९१७ (मोही सुधार कार्यक्रमबाट प्राप्त तथ्याङ्क)

| जिल्ला | मोही संख्या (२०७०/७१ सम्म) | जग्गाको क्षेत्रफल (विगाहा) |
|---|---|---|
| दाङ | ६८११ | ६२५५ |
| बर्दिया | ३७१६ | ४०५३ |
| बाँके | ४९९१ | ४२२१ |
| देशभर कायम रहन आएको मोही | | ११९५२८ |

- गुठी जग्गाको भूस्वामित्वकिसानको नहुँदा किसानको अधिकारमा संकुचन गरिएको छ । (दाङ १२४७ विगाहा, प्यूठान १०४१५ रोपनी
- खेती गरिरहेका आधा किसानसँग जमिन अपर्याप्त (भूमिसुधार नहुनु, अनुउपस्थित जमिन्दारी), दलित, आदिवासी र अल्पसंख्यक बढि
- अव्यवस्थित भूउपयोग, प्लटिङ्ग, कृषियोग्य जग्गाको गैरकृषि कार्यमा उपयोग
- खेती गर्ने किसानहरु मुद्दामामिला,भूमि सम्बन्धी मुद्दाहरुको छिनोफानो अति न्यून र ढिला, खर्च जुटाउन नसक्दा गरिवी झनै बढेको
- श्रम शक्तिको पलायन, न्यून जमिनमा जिवीका चलाउन गाह्रो भएकाले खेतीपाती छोड्ने स्थिती, युवा जनशक्ति विदेशमा जमिन बाँझो रहने क्रम बढ्दो
- सार्वजनिक जमिन उपभोग, शक्तिवालालाई नछुने, सुकुम्वासीलाई उठिवास गराउने
- वसोवास र जोतभोग प्रमाणपत्र नदिने,
- मोहीलाई वेदखली
- बाढी प्रभावित समुदाय बसिरहेको जग्गाबाट पुर्नस्थापना नगरी हटाएको । हटाउने ।

## ५. भूमि स्रोत वितरणको विगत

भूमिकोस्वामित्व व्यक्ति तथा परिवारको उत्पादनशीलता निर्धारण गर्ने गतिशील तत्व हो । इतिहासको लामो कालखण्डमा भूस्वामित्व अन्यायपूर्ण हुनपुग्यो । यसो हुनुमा तत्कालीन राज्य तथा राजनीतिक प्रणाली जिम्मेवार थियो ।यसले समाजमा आर्थिक विषमता अर्थात धनी गरिबका बीचको खाडल ठूलो बन्दै गयो । विभिन्न परिस्थितीले भूमिको वितरण न्यायिक हुन सकेको छैन । यसका अनेकन ऐतिहासिक कारण छन्। उदाहरणका लागि निम्न बुँदाहरुलाई विचार गर्दा गितमा कसरी वास्तविक किसानको जग्गा कम र खेती नगर्नेको स्वामित्वमा जग्गा गयो भनेर बुझ्न सजिलो हुनेछ ।

- सन् १९५७ मा विट्रिस इन्डीयन कम्पनीलाई सहयोग गरेवापत फिर्ता पाएको बाँके, बर्दिया, कैलाली र कञ्चनपुरको जग्गा राजा सुरेन्द्रले जंगबहादुरलाई आधा र उनका ६ भाईलाई आधा विर्ताका रुपमा दिएका थिए । ४ जिल्लाका २,२८, ५१३ विघा जमिनमा ३८१ मौजा थिए । वार्षिक कर ८९,८३१ राणाहरुलाई आउँथ्यो । *(source:Tax Asssessment Register for the Nayamuluk in Regmi Research Collection Vol 37, Page 55-56*
- १९६७ मा बर्दियामा जमिनदारको २४ हजार विघा र साधारण किसानको ५२ हजार जमिन भएकोमा २००८ सम्ममा त्यो उल्टो भयो। (शंकर थापा, २०००, पेज १४४, टेवल ३)

## ६.किसान आन्दोलन

भूमि स्रोतमा न्यायिक पहुँच र दिगो उपयोगका लागि भएको विभिन्न आन्दोलनहरु भएका छन् । तलका केही सर्न्दभबाट विगतको भूमि आन्दोलनको स्थिती बुझ्न सकिन्छ ।

- रौतहट केन्द्र बनेर २००९ सालमा शुरु भई बारा, पर्सा, सर्लाही र सिराहसम्म फैलिएको किसान (तमसुक फटा) आन्दोलन
- २००९ र १० सालमा भिमदत्त पन्तको नेतृत्वमा भएको किसान आन्दोलन
- प्यूठानमा जाली फटाहा विरोधी संघर्ष, सरकारी रासन असुलीको विरोध, बाली कटाउने अभियान, अधिँया आन्दोलन । वि.सं. २०११ मा दमन
- २०४७(५० सालमा बर्दियाको कनरा आन्दोलन, कमैया र सुकुम्वासीहरुको संघर्ष (आयोग, ४९३९ परिवारलाई जमिन)
- बर्दियाको वाग्दारी, बाँकेको पितामारी, गिजरा फार्ममा जग्गा प्राप्तिका लागि २०५३र५४ मा भएको आन्दोलन
- २०५२-२०५७, कमैया मुक्ति आन्दोलन
- २०६० को दशक : सुकुम्वासी, भूमिहिन, मोही र कमलरीहरुको आन्दोलन

## ७.भूमिसुधारको सम्बन्धमा हासिल भएका केही उपलव्धीहरु

विभिन्न आन्दोलन, सरकारी प्रयास आदिबाट २००७ साल पछि भूमिसुधारका सम्बन्धमा केही उपलव्धीहरु हासिल भएका छन् ।

- जमिन्दारी साशन प्रक्रिया कमजोर । २००८ जागिर पद्धतिको अन्त्य । २०१६ साल विर्ता उन्मुलन । विभिन्न राजनीतिक, सामाजिक संघर्ष ।
- २०२१ को हदबन्दी पछि ५०,५०० विगाह सरकारले लिई ३८,२८६ विगाह किसानलाई बेचेको । पश्चिमतराईमा ३५,८२० विगाहा लिएकोमा २८ हजार विक्री । *(स्रोत : राम बहादुर केसी ( १९८६)* Land Reform Progress and Prospects in Nepal, HMG-USAID-GIZ
- कमैया मुक्तिको घोषणा र सिमित भूमि वितरण (२७ हजार ५ सय ७० परिवार मध्ये २६ हजार १ सय १४ को पुनःस्थापना । *स्रोत आर्थिक सर्वेक्षण २०७१/७२) (*२४८४१ परिवारलाई कुल ४४६३ विगाह र ४५७१५ व.मी. जमिन उपलब्ध गराएको । *वार्षिक प्रगती प्रतिवेदन २०७०र७१ भूमिसुधार तथा व्यवस्था मन्त्रालय*
- भुमिमा महिलाको स्वामित्वमा वृद्दि, घर र जमिनमा स्वामित्व हुने महिला १९.७१ प्रतिशत करिब ४० हजार जोताहा किसानले मोही हक वापत जोतिरहेको जमिनको आधा हक पाएको ।
- भूउपयोग नीति तयार भई कार्यान्वयन चरणमा । भूमि आयोगहरु बनी प्रतिवेदनको आधारमा विस्तृत कार्ययोजना तयार भएको ।
- राष्ट्रिय भूमि उपयोग निती २०६९ जारी भएको ।
- शहीद परिवार, ज्येष्ठ नागरिक, महिला, दलित, आदिवासी जनजाति र अपाङ्गता भएका व्यक्तिहरुलाई रजिष्ट्रेशन दस्तुरमा सहुलियत र छुट दिईएको ।

## ८.	लिनुपर्ने पहलहरु

भूमिको परिवेश विश्लेषण : जमिन र त्यसमा आश्रितहरूको सही अभिलेख हुनुपर्छ । आफ्नो गाउँ/नगरपालिकाअन्तर्गतको सुकुमवासी, भूमिहीन, अव्यवस्थित बसोबासी, साना किसान, भूमि र भूमिको उपयोग सम्बन्धमा यथार्थ लगत स्थानीय तहले लिन सक्छन् । प्रत्येक वडा कार्यालयमा सम्बन्धित वडाको र समग्र अभिलेख गाउँपालिका वा नगरपालिकामा राख्नुपर्छ । यो लगत तयार पारेर गाउँ/नगरपालिकाबाट अनुमोदन गराउने, त्यसमा आधारित भएर भूमि र कृषि सुधारका योजना बनाउने काम महत्वपूर्ण हुनेछ ।

भूमिको संरक्षण र दिगो उपयोग : खोला, पहाड वा अन्य प्राकृतिक स्रोतको जीवन नै समाप्त हुनेगरी गिट्टी, बालुवा वा अन्य वस्तु बेपर्वाह निकासी गरिएमा भोलि त्यसले ठूलो सङ्कट ल्याउँछ । यी स्रोतको अवश्य प्रयोग गर्नुपर्छ तर त्यसको उपयोगको एउटा प्राकृतिक सीमा अवश्य छ । यसले हामीलाई भोलि सच्याउन नसक्ने विडम्बनापूर्ण अवस्थामा पुऱ्याउँछ । कृषियोग्य भूमि गुमायौं भने असाध्यै परनिर्भर हुन पुग्छौं । र, अरु विकासका काम देखावटीमात्र हुन्छ । आज जतासुकै कृषि भूमिको अत्यधिक दोहन भइरहेको छ । साथै तीव्र दरमा प्लटिङसमेत भइरहेको छ । कृषियोग्य भूमिलाई गैरकृषि प्रयोगमा रोक लगाउने, कृषियोग्य भूमि बाँझो रहन वा न्यून प्रयोग हुनबाट रोक्ने र कृषियोग्य भूमिको न्यूनतम जोतको आकार तोकी सोभन्दा सानो बनाउन नपाइने व्यवस्था नगरुन्जेल नेपालको खाद्य सुरक्षा कन्तबिजोगको अवस्थाबाट उत्रने देखिन्न ।

**भूउपयोग योजना अनिवार्य :** आफ्नो क्षेत्रको भूमिको वस्तुस्थिति, जनसङ्ख्या वृद्धि दर, खाद्य एवं आवासको आवश्यकता, आर्थिक विकास एवं पूर्वाधार निर्माणका लागि भूमिको मागमा वृद्धिलगायतका विषयमा अध्ययन गरी दीर्घकालीन सोचपत्र तयार गर्नुपर्छ । र यसका आधारमा भूउपयोग योजना तर्जुमा गर्नुपर्दछ । नेपालमा विकास निर्माणका योजना बनाउँदा भूमिलाई बाह्र हात परै राख्ने चलन छ । जबकि भूउपयोग योजनालाई बेवास्ता गरिएको विकास निर्माण दिगो हुनै सक्दैन । स्थानीय तहले आफ्नो क्षेत्रको भूमिलाई विभिन्न क्षेत्रमा वर्गीकरण गर्नुपर्छ । कृषियोग्य भूमिलाई पनि आवश्यक उत्पादनका आधारमा छुट्याइ उपयोगमा ल्याउनुपर्छ । भूमि सुधारलाई ग्रामीण विकाससँग जोड्नुपर्छ, नदी उकास, हैसियत बिग्रिएका जग्गाको विकास, सिँचाइ सुविधा र माटोको क्षयीकरण कम गर्न पर्याप्त लगानी जस्ता विषयमा सोचिएन भने हाम्रा सबै योजना भुत्ते हुनेछन् । भूउपयोगबिना गरिने कुनै पनि काम दिगो हुँदैन ।

- सुकुम्वासीलाई आवास र खेतीको लागी जग्गा : सुकुम्वासी लगतका आधारमा खेती गर्न चाहनेका लागि खेतीलाई समेत र नचाहनेको लागि सुरक्षित आवासको जग्गा उपलव्ध गराउनुपर्दछ । यसरी जग्गा उपलव्ध गराउँदा खेती गर्नेलाई ग्रामिण क्षेत्रमा र अन्य काम गर्न चाहनेलाई शहरी वा रोजगारी पाईने क्षेत्रमा दिनुपर्छ । शहरि र ग्रामीण क्षेत्रमा बसोवास गर्ने सुकुम्वासीहरुको समस्यालाई दीगो रुपमा समाधान गर्न उनीहरुको आवास र रोजगारीको आवश्यक प्रवन्ध मिलाउनु पर्दछ । खेती गर्नको लागि दिईने जमिन उक्त क्षेत्रमा उपलव्ध भएसम्म १२ महिना खान र कम्तिमा शिक्षा, स्वास्थ्य र सामाजिक कर्म धान्न आधार दिने तहको हुनुपर्छ ।
- गुठीको जग्गा किसानलाई : किसानले खेति गरिरहेको गुठी जग्गा किसानकै नाममा दर्ता गर्नुपर्छ । यसो गर्दा गरिवको रेखामुनी रहेका परिवारले कमाईरहेको जग्गा निशुल्क र अन्यको हकमा भने परिवारको संख्या, आम्दानी आदिलाई विचार गरी निश्चित शुल्क लिएर दर्ता गर्नुपर्छ । खेती

नभईरहेको जग्गा सम्बन्धित गुठीकै नाममा रहनेगरी दर्ता गर्नुपर्छ र स्थानीय गरिवहरुको समूह बनाई निश्चित शर्तमा उपयोग गर्न दिईनुपर्छ ।

- <u>बसिरहेको र भोग गरिरहेको जग्गा दर्ता</u> : करिब २ लाख परिवारलाई पुस्तौ बसिरहेको, खेती गरिरहेको जग्गा दर्ता गराएर जग्गाधनी बनाउन सकिन्छ । (३२९०९८ हेक्टर) यसले अपनत्व र लगानी बढ्न गई उत्पादन बढ्छ । अहिले विना कारण दर्ता नगरिदिएर अन्याय भईरहेको छ ।
- <u>मोहीयानी हकको सुरक्षा र स्वामित्व बाँडफाँड</u> : करिब ४ लाख ५० हजार परिवार वेदर्तावाल मोहि छन् । २०५३ सालमा भूमि सम्बन्धी ऐनमा चारौ संशोधन गरी मोही लागेको जग्गा आधा बाँडफाँड गर्ने भनिएतापनि पुर्ण तयारी विना गरिएको मोहीयानी सुधार नीतिले मोही असुरक्षित भए । उनीहरु लामो समयदेखि अरुको जमीन जोतीरहेका छन् तर प्रमाणको अभावमा मोहियानी हकवाट बन्चित छन् । जमीनमा दोहोरो स्वामित्व कायमै छ । त्यस्तै १ लाख ५० हजार परिवार दर्तावाला मोहि छन् । उनीहरुले पनि हरुको जमीन कमाईरहेका छन् र जमीनमा दोहोरो स्वामित्व कायम छ । जग्गा बाँडफाँड कार्यक्रम पनि असफल पारियो । मोहियानी हक कायम गरि भूमिमाथिको दोहोरो स्वामित्वको अन्त्य गरेर प्रत्यक्षत ६ लाख परिवारको समृद्धि र अप्रत्यक्ष रुपमा मुलुकको समग्र आर्थिक वृद्धिमा योगदान पुर्‍याउनु जरुरी छ ।
- <u>भूमि विकासमा लगानी</u> : भूमि विकासमा अहिलेसम्म राज्यले कुनै लगानी गरेको छैन । राज्यले लगानी गरेर कैंयन् हेक्टर (कम्तिमा ४ हजार हेक्टर न्यून लगानीमा प्राप्त गर्न सकिने) जग्गा नदी उकासबाट उपयोग गर्न सकिने सम्भावना छ । यसबाट हजारौ परिवारलाई रोजगारी सृजना गर्न सकिन्छ । बाँकी १० लाखलाई हदबन्दी कार्यान्वयन, पर्ती, नदी उकास जग्गा र विभिन्न प्रकारले अतिक्रमण भएको जग्गा व्यवस्थित गरी न्युनतम जोतको आकारको किसान परिवार बनाउन सकिन्छ ।
- <u>खेती नगर्नेले कृषियोग्य भूमि छोड्नु पर्ने</u> : भूमिलाई परिवारका सबै सदस्यमा खेतियोग्य जमिन बाँड्ने काम बन्द गरी कुनै एक सदस्य, छोरा वा छोरीलाई मात्र यसको वारिस बनाउने नीति आवस्यक छ । साथै खेती नगर्नेले जग्गा छोड्न प्रोत्साहन गर्ने र उनिहरुको जग्गालाई उद्योगको शेयरमा परिणत गर्ने नीति लिनुपर्छ । खेती नगर्नेलाई कृषि जमीन नदिने स्पष्ट नीति हुनपर्छ । जग्गाधनीको निष्कृय पूँजी उत्पादनशिल गैरकृषि उद्यममा लगाउने वाध्यात्मक परिस्थिती सृजना हुन सकेको छैन ।
- <u>महिला किसानको पहिचान र भूमिमा अधिकार</u> : जमिनमा महिलाको अधिकार आजसम्म धेरै ध्यान नदिइएको विषयका रुपमा छ । सुरुका लागि जमिनको दर्ता महिला र पुरुष दुवैका नाममा हुनुपर्छ । यसका लागि हाल दिदैं आएको सहुलियतलाई अझै बढाउनुपर्छ । यसले महिलामा शक्ति थप्छ । परिवार र समुदायमा परनिर्भरता र हिंसा घट्छ ।
- <u>भूउपयोग व्यवस्थापन</u> : कृषियोग्य भूमिको गैरकृषि क्षेत्रमा भईरहेको तिव्र परिवर्तनलाई रोक्नु पर्छ । थप बिग्रन नदिन भूउपयोग नीति तुरुन्त लागु गर्न आवश्यक छ । यसमा राजनीतिक संगठनको भूमिकालाई वेवास्ता गरिएको छ । त्यो सच्याउनु पर्छ । जस्तो : भूउपयोग समितिको संरचना । खेतियोग्य जग्गाको झण्डै चौथाई जग्गा बाँझो छ, यस्तो बाँझो जग्गाको उपयोग गर्न सके उत्पादन वृद्दि र रोजगारी सिर्जनामा ठुलो योगदान पुग्नेछ । भूमिसुधारबाट कृषिको व्यवसायीकरण गर्न सकिन्छ । जसलाई व्यवसायीक सीप र साधन दिएर आत्मनिर्भर किसान बनाउन सकिन्छ । कृषि सहकारी खेती प्रणाली लागु गरेर अहिलेको अर्धवेरोजगारी हल गर्न सकिन्छ ।

- सामुदायिक अभ्यासको बढावा : भूमिसुधार तथा व्यवस्थापनका लागि समुदायलाई प्राथमिकता दिएर अघि बढ्नु उचित हुन्छ । यसले प्रभावशाली भूमिसुधारका लागि गतिलो जग खडा गर्नेछ । यसैले यो काम तुरुन्त सुरु गर्नु जरुरी छ । यसका लागी स्थानीय सरकारलाई बढि अधिकार दिनुपर्छ ।
- प्रशासनीक सुधार : भूमिसुधार र कृषिसुधार एकअर्काका पुरक हुन् । तसर्थ भूमि तथा कृषिलाई एउटै संस्थागत नियमन अन्तर्गत राखिनु जरुरी छ । भूमिसुधार र ग्रामिण विकासलाई सँगै जोडेर लैजानुपर्छ । बन पनि जोड्नुपर्छ । कर्मचारी नियन्त्रित भू प्रशासनलाई साँघुरो बनाउँदै समुदायमा आधारित भूमि तथा कृषि व्यवस्थापनलाई मान्यता दिने कानुनी संरचना बन्नुपर्छ । अहिले जमीन, जंगल तथा पानीको व्यवस्थापन फरक फरक ढंगले भईआएको छ । यि प्राकृतिक साधनहरुको व्यवस्थापन गर्ने नीति र निकाय फरक छन् । साथै प्राकृतिक श्रोतको व्यवस्थापनलाई प्राविधिक विषय मानिएको छ । प्राकृतिक श्रोतको व्यवस्थापन भनेको अर्थ राजनीतिको विषय हो र हुनुपर्दछ । यि साधन मध्ये एकको प्रभावकारी परिचालनको लागि अर्को साधनको महत्वपूर्ण योगदान रहन्छ । तसर्थ गरिवी निवारणको लागि भूमि, जमीन र पानीको सामाजिक न्यायमा आधारित सैद्धान्तिक अवधारणा, एकीकृत नीति हुनु र त्यसको प्रभावकारी कार्यान्वयन हुनु जरुरी छ ।
- करार खेती र सुन्य भाडा दरको नीति : जग्गा भएका तर आफैं खेती गर्न नचाहनेले स्थानीय निकायमा औपचारिक कागज गरी स्वामित्वमा असर नपर्ने र जग्गाको गुणस्तर पनि कायम भईरहने स्थिती बनाउन गरिव परिवारलाई कम्तिमा १० वर्षको लागि विना कुत वा भाडा लिनेगरी जग्गा दिने लिने व्यवस्था सहितको करार खेती नीति ल्याउनु पर्छ ।
- परिवारीक खेतीमा लगानी : कर्पोरेट खेतीले गरिवी, भोक, असमानता बढाउनुको साथै वातावरणमा नकरात्मक असर पुग्ने हुँदा परिवारीक खेतीपातीलाई दिगो तवरले अघि बढाउन अध्ययन, स्रोत र प्रविधी केन्द्रित गरिनुपर्छ । सरकार, दातृ निकाय, बैंकहरुले ठुला खेतीको लागि दिएको अनुदान पुर्णत रोकिनुपर्छ। मुलत बन स्रोतमा आधारित अल्ससंख्यक, आदिवासी, भूमिहीन र साना किसान समुदाय जो बन छेउका आसपास बसिरहेका छन् । उनिहरुको वसोवास तथा खेती गरिरहेको जग्गाको पुर्ण सुरक्षा हुनुपर्छ । यि सबैको बनमा पहुँच निश्चित गरिनुपर्छ ।
- कृषिसुधार भूमिसुधारकै भाग : भूमिसुधारको माध्यमवाट कृषिमा काम गर्नेलाई जमीन उपलव्ध गराएपछि सो जमीनमा थप लगानी गर्ने व्यवस्था मिलाउनु पर्दछ । यसको लागि कृषिको लागि आवश्यक वित्तिय लागनी, जनशक्तिको क्षमता अभिवृद्धि, मल बीउको व्यवस्था, कृषि उत्पादनको वजार, कृषि उद्यमको वीमा आदी जस्ता कामहरु प्याकेजको रुपमा विकास गरिनु पर्दछ । यसको लागि सरकारले विशेष अनुदानको व्यवस्था गर्नुपर्छ । यसलाई भूमिसुधारकै पाटोको रुपमा जोड्नुपर्छ।
- नीतिगत व्यवस्था र कार्यान्वयन : राष्ट्रिय भूमि नीति । नयाँ भूमि ऐन ।

भूमिसुधारले गरिवी निवारण गर्ने र देशलाई समुन्नत बनाउनेमा विवाद छैन । तर यसका शर्त छन् । यो परिवेश सुहाँउदो हुनुपर्छ । किसान नेतृत्व र समुदायमुखी मुखी हुनुपर्छ । भूमिहिन, गरिव र महिलालाई यसको केन्द्रमा राख्नुपर्छ । कृषि समाजमा ठलो मात्राको गरिवीबाट मुक्त पाउन प्रत्यक्षरुपले पहिलो कदम आवास र जग्गाको उपलब्धता नै हो ।

स्थानीय सरकार र प्रदेशका सभासदबिच आवासीय रुपमा एक एक दिनको छलफल पुन गर्न र विस्तृतमा सम्बाद गर्न माग भए अनुसार आगामी दिनमा कार्यक्रम गर्नु आवस्यक देखिएको छ ।

## प्रस्तुती




एकदिन सबै नेपालीको सुरक्षित आवास हुनेछ ।
सबै साना र मोही किसानको कृषि भूमि हुनेछ ।
हरेकको जीवन मर्यादित बन्नेछ ।

CSRC
आत्मनिर्भर केन्द्र

राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल

## भूमि स्रोत वितरणको विगत

- सन् १९५७ मा विट्रिस इन्डीयन कम्पनीलाई सहयोग गरेवापत फिर्ता पाएको बाँके, बर्दिया, कैलाली र कञ्चनपुरको जग्गा राजा सुरेन्द्रले जंगबहादुरलाई आधा र उनका ६ भाईलाई आधा विर्ताका रुपमा दिएका थिए ।
- ४ जिल्लाका २,२८, ५१३ विघा जमिनमा ३८१ मौजा थिए । वार्षिक कर ८९,८३१ राणाहरुलाई आउँथ्यो(source:Tax Asssessment Register for the Nayamuluk in Regmi Research Collection Vol 37, Page 55-56
- १९६७ मा बर्दियामा जमिनदारको २४ हजार विघा र साधारण किसानको ५२ हजार जमिन भएकोमा २००८ सम्ममा त्यो उल्टो भयो। (शंकर थापा, २०००, पेज १४४, टेबल ३)

## किसान आन्दोलन

- रौतहट केन्द्र बनेर २००९ सालमा शुरु भई बारा, पर्सा, सर्लाही र सिराहसम्म फैलिएको किसान (तमसुक फटा) आन्दोलन
- २००९ र १० सालमा भिमदत्त पन्तको नेतृत्वमा भएको किसान आन्दोलन
- प्यूठानमा जाली फटाहा विरोधी संघर्ष, सरकारी रासन असुलीको विरोध, बाली कटाउने अभियान, अधिँया आन्दोलन । वि.सं. २०११ मा दमन
- २०४७(५० सालमा बर्दियाको कनरा आन्दोलन, कमैया र सुकुम्वासीहरुको संघर्ष (आयोग, ४९३९ परिवारलाई जमिन)
- बर्दियाको वाग्दारी, बाँकेको पितामारी, गिजरा फार्ममा जग्गा प्राप्तिका लागि २०५३र५४ मा भएको आन्दोलन
- २०५२-२०५७, कमैया मुक्ति आन्दोलन
- २०६० को दशक ः सुकुम्वासी, भूमिहिन, मोही र कमलरीहरुको आन्दोलन

## केही उपलव्धीहरु

- जमिन्दारी साशन प्रक्रिया कमजोर । २००८ जागिर पद्धतिको अन्त्य । २०१६ साल विर्ता उन्मुलन । विभिन्न राजनीतिक, सामाजिक संघर्ष ।
- २०२१ को हदबन्दी पछि ५०,५०० विगाह सरकारले लिई ३८,२८६ विगाह किसानलाई बेचेको । पश्चिमतराईमा ३५,८२० विगाहा लिएकोमा २८ हजार विक्री । (स्रोत ः राम बहादुर केसी (१९८६) Land Reform Progress and Prospects in Nepal, HMG-USAID-GIZ
- कमैया मुक्तिको घोषणा र सिमित भूमि वितरण (२७ हजार ५ सय ७० परिवार मध्ये २६ हजार १ सय १४ को पुनःस्थापना । स्रोत आर्थिक सर्वेक्षण २०७१/७२) । २४८४१ परिवारलाई कुल ४४६३ विगाह र ४५७१५ व.मी. जमिन उपलव्ध गराएको । वार्षिक प्रगती प्रतिवेदन २०७०/७१ भूमिसुधार तथा व्यवस्था मन्त्रालय
- भूमिमा महिलाको स्वामित्वमा वृद्दि, घर र जमिनमा स्वामित्व हुने महिला १९.७१ प्रतिशत (राष्ट्रिय जनगणना २०६८) मध्यपश्चिमाञ्चल १३.८५ ।
- करिब ३६ हजार जोताहा किसानले मोही हक वापत जोतिरहेको जमिनको आधा हक पाएको ।
- भुउपयोग नीति तयार भई कार्यान्वयन चरणमा । भूमि आयोगहरु बनी प्रतिवेदनको आधारमा विस्तृत कार्ययोजना तयार भएको ।



## परिवेश

- आधा जनसंख्या (१ करोड, ५० लाख) भन्दा बढि खेती गर्ने परिवारलाई वर्षभरी खान पुग्दैन् ।
- ५ लाख परिवारको (४८२) आफ्नो भन्ने एक ईन्च पनि जमिन् छैन् ।
- १ करोड २० लाख महिला खेतीपातीको काम गर्छन् । १ करोड महिलाको जमिन छैन् ।
- जनसङ्ख्याको १३ प्रतिशत दलित छन् भने उनीहरुसँग कृषियोग्य जमिनको हिस्सा १ प्रतिशतमात्र छ ।

## परिवेश

- २६.१ प्रतिशत कृषक परिवारको खेती गर्ने आफ्नो जमिन छैन ।
- ०.५ हेक्टर भन्दा कम जमिनको स्वामित्व भएका साना किसानको सङ्ख्या ५३ प्रतिशत छ,कुल खेतीयोग्य जमिनको हिस्सा १८ प्रतिशतमात्र हो ।
- २ हेक्टरभन्दा बढी जमिनमा स्वामित्व भएका ठूला किसानको सङ्ख्या ४ प्रतिशतमात्र भए तापनि कृषियोग्य जमिनको २२ प्रतिशत ओगटेका छन् ।
- कृषि र भूमि व्यवस्था अहिलेको निरन्तरताले हुदैंन

## भूमि परिवेश

- ६५.६ प्रतिशत जनसंख्याको प्रत्यक्षत जिवीका कृषि
  *कुल घरपरिवार ५४,२३,२९७, कृषक घरपरिवार ३८,३१, ०९३ (६५.६)*
- १० वर्षमा कृषक परिवार ४६७,००० बढेको, कृषियोग्य भूमि १ लाख २९ हजार हेक्टर घटेको (२५ लाख २५ हजार हेक्टर)
- जग्गामा स्वामित्व भएका महिला घर ः ७०४१८५
- औसत परिवारको जमिन १ विगाह

**कृषि परिवारको आफ्नै जमिन, ठेक्कामा लिने र दिने घरपरिवारको प्रतिसत**

| क्षेत्र | आफनै कृषि भुमि हुने परिवार | ठेक्कामा कृषि भुमि दिने परिवार | ठेक्कामा कृषि भुमि लिने परिवार | भाडामा मात्रै लिएर खेती गर्ने |
|---|---|---|---|---|
| तराई | ९०.९ | १०.६ प्रतिसत | ३६.२ प्रसित | ९.१ |
| पहाड | ९७.३ | ९.७ | २८.० | २.७ |
| हिमाल | ९८.५ | १०.६ | २८.१ | १.५ |
| श्रोत: नेपाल जीवन यापन सर्भेक्षण २०१०/२०११, स्टाटिस्टीकल प्रतिवेदन भाग २, केन्द्रिय तथ्यांक विभाग, २०११ टेवल ९.७, पेज १५ | | | | |

## सवालहरु

- सुकुम्वासीको वसोवास र जिवीका
- पुस्तौंदेखी बसोवास र खेति भईरहेको जग्गा दर्ता नभएको
- पूर्ण तयारीबिना गरिएको मोहियानी सुधार नीतिले मोही असुरक्षित ।
- गुठी जग्गाको भूस्वामित्व, किसानको अधिकारमा संकुचन,
- खण्डिकरण, गैरकृषि प्रयोग, अव्यवस्थित भूउपयोग
- न्यून जमिनमा जिवीका चलाउन गाह्रो भएकाले खेतीपाती छोड्ने स्थिती, जमिन बाँझो रहने क्रम बढ्दो

## जग्गा उपलव्ध गराउनु पर्ने परिवार


| परिवार समूह | जम्मा परिवार संख्या | भूस्वामित्वको वर्तमान अवस्था (हे प्रति परिवार | प्रतिपरिवार उपलब्ध गराउनु पर्ने जग्गा (हेक्टरमा) | प्रयोजन | जम्मा आवश्यक पर्ने जग्गा (हे.) |
|---|---|---|---|---|---|
| भूमिहीन सुकुम्बासी | ४,५०,००० | ०.० | ०.००९५ | आवास | ४,२७५ |
| भूमिहीन किसान | २,८७,१०० | ०-०.१ | ०.४५ | आवास र खेती किसानी | १,२९,१९५ |
| सिमान्त किसान | ६,७०,००० | ०.१-०.३ | ०.३ | खेती किसानी दुवै | २,०१,००० |
| साना किसान | ६,४८,००० | ०.३-०.५ | ०.१ | कृषि | ६४,८०० |
| भूमिहीन, कृषिश्रमिक, हलिया, हरूवा, चरुवा | ५०,००० | ०-०.१ | ०.४५ | आवास र खेती किसानी | २२,५०० |
| जम्मा | १४,०७,१०० | - | - | | ४,२१,७७० |

वैज्ञानिक भूमिसुधार सम्बन्धी उच्चस्तरीय आयोगको प्रतिवेदन, २०६७

## वितरणका लागि आवस्यक भूमि

| स्रोत | जम्मा क्षेत्रफल (हेक्टर) | वितरण गर्न सकिने जग्गा (प्रतिशतमा) | वितरण गर्न सकिने जग्गाको क्षेत्रफल (हेक्टरमा) |
|---|---|---|---|
| हेसियत बिग्रेको वन क्षेत्रको जग्गा | १५,५९,२०० | २% | ३१,१८४ |
| सरकारी, सार्बजनिक जग्गा (ऐलानी, पर्ति समेत) | ३२,९०,९८५ | १०% | ३,२९,०९८ |
| गुठि जग्गा अधिनस्त जग्गा र हदवन्दीवाट समेत<br>क) गुठी तैनाथी<br>ख) गुठी अधिनस्त | १,४२४<br>१३,९२० | २०%<br>२० % | २८५<br>२,७८४ |
| नदी उकास, विकास हुने जग्गा | ५,३३६ | ७५% | ४,००० |
| हदवन्दीवाट प्राप्त हुने जग्गा | १,२५,५०० | १००% | १,२५,५०० |
| जम्मा | ४९,९६,४६५ | | ४,९२,८५१ |

वैज्ञानिक भूमिसुधार सम्बन्धी उच्चस्तरीय आयोगको प्रतिवेदन, २०६७



| | | |
|---|---|---|
| सामुदायिक उपयोग | | मानब, बस्ति, बसोबास गाउँ/नगर/सहर/महानगर |
| राज्य निकाय, शैक्षिक प्रतिठान | **भूमिसुधार** | |
| बन | धार्मिक प्रयोग | खाध्य, कृषि |
| उधोग | | पर्यटन |

### विचार गर्नुपर्ने प्रश्नहरु

- सार्वजनिक, ऐलानी र सरकारी जग्गामा मात्र वा नीजि भनिएको जमिनमा पनि भूमिसुधार ?
- उपयुक्त हदबन्दी (जोतको आकार) कति हो ? (न्यूनतम र अधिकतम) आर्थिक र उत्पादनको दृष्टिकोणले उपयुक्त जग्गाको क्षेत्रफल कति हो ?
- जग्गा सित्तै दिने वा केही रकम लिएर दिने ? त्यस्तो जग्गा पाउने व्यक्ति कसरी निर्धारण गर्ने ?
- जग्गा पाउने व्यक्तिलाई के कस्तो सहयोग गर्ने ? कसरी गर्ने ?

भूमि सुधार सहितको कृषिसुधार **भूमिमा किसानको पहुँच**

दिगो कृषि र प्राकृतिक स्रोतको व्यवस्थापन

सहभागीमुलक र असल भू साशन व्यवस्था

### २ वटा बाटा : (१) सुरक्षित वास र रोजगारी (२) किसानलाई जग्गा

भूमिहिन किसान-हलिया, हरुवा, कमैया, कृषिश्रमीक, सुकुम्वासी, खेताला

↓


सिमान्त /साना किसान

↓

आत्मनिर्भर किसान

### संविधानले भूमिसुधारको आधार दिएको

२५. सम्पत्तिको हक
३६. खाद्य सम्बन्धी हक
३७. आवासको हक
३८. महिलाको हक
४०. दलितको हक
४२. सामाजिक न्यायको ह
(ङ) कृषि र भूमिसुधार सम्बन्धी नीति







**१ गरिबीको अन्त्य**
सबै प्रकारका गरिबीलाई सबै ठाउँबाट अन्त्य गर्ने
**२ शून्य भोकमरी**
भोकमरीको अन्त्य गर्ने, खाद्यसुरक्षा तथा उन्नत पोषण हासिल गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने
**५. लैङ्गिक समानता**
लैङ्गिक समानता हासिल गर्ने र सबै महिला तथा किशोरीहरूको सशक्तीकरण गर्ने
**८. मर्यादित काम तथा आर्थिक वृद्धि**
सबैका लागि समावेशी तथा दिगो आर्थिक वृद्धि, रोजगारी तथा मर्यादित कामको प्रवर्द्धन गर्ने
**१५. जमिनमाथिको जीवन**
वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमीकरणविरुद्ध लड्ने, भूक्षयीकरण रोकेर त्यस्तो प्रक्रियालाई उल्ट्याउने तथा जैविक विविधताको क्षतिलाई रोक्ने

## दिगो विकास

*चुरो कुरो*
**व्यक्ति मानवलाइ न्याय**
**समाजलाइ न्याय, सामाजिक न्याय**
**प्रकृतिलाइ न्याय**

## समग्र भुमि तथा कृषिसुधार

- भुमिको वितरण वा स्वामित्वको सुरक्षा वा प्रयोगको अधिकार
- कृषि सहयोग, अनुदान, विमा, बजारीकरण, कृषि सहकरी, सिंचाई, तालिम, नयाँ प्रविधी, कृषि उद्योग, कृषि ज्ञान र किसानलाइ सम्मान
- भुउपयोग नीतिको कार्यन्वयन - जमिनको वर्गीकरण र वर्गीकरण अनुसारको प्रयोग
- असल र प्रभावकारी भूसाशन

## लिनुपर्ने पहलहरु

- नीतिगत व्यवस्था र कार्यान्वयन ः भूमि नीति । नयाँ भूमि ऐन।
- बैज्ञानिक लगत ः अत्याधिक सहभागिता, प्रविधिक मात्र हैन । स्थानीय तहमा लगत, सार्वजनिक सुनुवाई, गरिबी, भूमि र कृषिको कोणबाट विश्लेषण
- किसानलाई कृषि भूमिको हक ः भूउपयोग, उपयोगको अधिकारको ग्यारेण्टी । भूमिहिनलाई आवास र खेतीका लागि जग्गा (१२ः३) हदबन्दी, मोहीयानी, ....गरिवी निवारणका लागि भूमिसुधार बाहेक अन्य विकल्पलाई पनि सघन बनाउने ।
- सामुदायिक भूमिसुधार अभ्यासको बढावा ः भूमि सुधार तथा व्यवस्थापनका लागि समुदाय केन्द्रमा । स्थानीय सरकारलाई बढी अधिकार । भूमि तथा कृषिसुधारको योजना

## लिनुपर्ने पहलहरु

- करार खेती र शून्य भाडा दरको नीति ः भूमिहिन र सानाकिसानलाई उत्प्रेरित गर्ने, विद्यमान जग्गा कमाउने प्रक्रियालाई व्यवस्थित गर्ने
- भूउपयोग कार्यान्वयन ः नीतिका आधारमा ऐन, जोनिङ, कृषियोग्य भूमिलाई गैरकृषिमा परिणत हुनबाट संरक्षण
- जग्गा दर्ता ः  करिव ३ लाख परिवार, १ लाख २९ हजार हेक्टर । (परापुर्वकालदेखी चोगचलनमा रही आएका)
- मोहियानी हकको सुरक्षा र स्वामित्व बाँडफाँट ः विशेष अधिकार सहितको आयोग, सर्वोच्च धाएर मोहीले हक संरक्षण गर्ने स्थिती छैन । छैटौं संशोधन
- गुठी जग्गाको व्यवस्थापन ः सबै जग्गा रैतानीमा परिणत गरी कर प्रणालीमा जोड्ने

## लिनुपर्ने पहलहरु

- भूमि विकासमा लगानी ः कम्तिमा ४० हजार हेक्टर न्यून लगानीमा प्राप्त गर्न सकिने । )
- महिला किसानको भूमि अधिकार ः महिला किसानको भूमिमा अधिकार गर्ने सहुलियतमा वृद्धि
- आदिवासी, अल्पसंख्यक समुदाय बस्ने क्षेत्रका बन र कृषिक्षेत्रलाई सीमाङ्कन गरी ति परिवारको पहुँचको सुनिश्चितता (राजी, सोना, चिढिमार...)
- सुकुम्वासीहरुको लागि सुरक्षित आवासको लागि मद्दत र कृषि पेशा गर्न चाहनेलाई जमिन, प्रकोपमा परेकालाई राहत सहीत पुर्नस्थापना




## संविधानमा के कस्तो छ ?

| संघको अधिकार | प्रदेशको अधिकार | संघ र प्रदेशको साझा अधिकार | स्थानीय तहको अधिकार | संघ, प्रदेश र स्थानीय तहको अधिकार |
|---|---|---|---|---|
| भूउपयोग नीति<br><br>बस्ती विकास नीति | घर जग्गा रजिष्ट्रेशन शुल्क, भूमि व्यवस्थापन, जग्गाको अभिलेख र गुठी व्यवस्थापन | सम्पत्ति प्राप्ति, अधिग्रहण र अधिकारको सृजना,<br><br>भूमि नीति र सो सम्बन्धी कानून | स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्टे्रशन शुल्क, मालपोत संकलन र घरजग्गा धनीपुर्जा वितरण | सुकुम्बासी व्यवस्थापन |



## अनुसूची २ : अबधारणा र कार्यक्रम तालिका

'समृद्धिको पहिलो आधार, परिवेश सुहाउँदो भूमिसुधार' नीतिगत सम्वाद कार्यक्रम
नेपालगञ्ज, बाँके

कार्यक्रमको मूल उद्धेश्य प्रदेश सरकारलाई आफ्ना नीति तथा कार्यक्रम आवास, भूमिको संरक्षण, भूमि अधिकारबाट बञ्चितको अधिकार सुरक्षा र प्रभावकारी व्यवस्थापनमा केन्द्रित गराउन आवस्यक बहशको सुरुवात गर्नु हो ।

कार्यक्रमको विशिष्ट उद्देश्यहरु निम्न छन् ।

**उद्धेश्य :**

(१) प्रदेशस्तरको भूमिको परिवेश र सवाल उजागर गर्ने ।

(२) भूमि सवालमा सहकार्यका लागि सांसद र अन्य सरोकारवालासँग सम्बन्ध र सहकार्यको शुरुवात गर्ने ।

(३) भूमि सुधार र व्यवस्थापनको विषयमा सरोकारवालाहरुको धारणा र योजना सुन्ने ।

(४) भूमिसुधारको कामलाई प्राथामिकतामा राख्न आवस्यक वातावरण बनाउने ।

**परिवेश**

कृषि जनगणना २०६८ अनुसार नेपालका ६५.५ प्रतिशत मानिसको जीवनयापनको प्रमुख स्रोत कृषि भए तापनि २६.१ प्रतिशत कृषक परिवारको खेती गर्ने आफ्नो जमिन छैन । ०.५ हेक्टर (१५ कठ्ठा) भन्दा कम जमिनको स्वामित्व भएका साना किसानको सङ्ख्या ५३ प्रतिशत छ भने उनीहरुले उपभोग गरेको कुल खेतीयोग्य जमिनको हिस्सा १८ प्रतिशतमात्र हो । यसको ठीक विपरित २ हेक्टरभन्दा बढी जमिनमा स्वामित्व भएका ठूला किसानको सङ्ख्या ४ प्रतिशतमात्र भए तापनि उनीहरुले कुल कृषियोग्य[२] जमिनको २२ प्रतिशत हिस्सा ओगटेका छन् । लगभग ८० प्रतिशत महिला भूस्वामित्वबिहिन छन् । यसैगरी करिब ४४ प्रतिशत तराईमधेशका दलित भूमिहीन छन् भने करिब ५६ प्रतिशत दलितसँग अत्यन्तै सानो आकारको जमिन छ[3] । नेपालको कुल जनसङ्ख्याको १३ प्रतिशत दलित छन् भने उनीहरुसँग कृषियोग्य जमिनको हिस्सा १ प्रतिशतमात्र छ । यस्तो अवस्था भएका कारण कृषि सुधारका कार्यले मात्र दलित समुदायका लागि कुनै अर्थ नराख्ने निश्चित छ ।

कृषियोग्य भूमिको गैरकृषीकरण बढ्दो क्रम छ । जमिनको खण्डीकरण, प्लटिङ र खेतीयोग्य जमिनको दोहन बढ्दो छ । जमिनलाई प्राकृतिक स्रोतभन्दा पनि किनबेचको वस्तुका रूपमा लिनु र व्यापारीकरण गर्नुले

[२] नेपाल जीवनस्तर सर्भेक्षण २०१० र ११, तथ्याङ्क प्रतिवेदन, भाग २, केन्द्रीय तथ्याङ्क विभाग

[३] नेपाल जीवनस्तर सर्भेक्षण २०१० र ११, तथ्याङ्क प्रतिवेदन, भाग २, केन्द्रीय तथ्याङ्क विभाग

किसानहरुको जीवनलाई मजदुर वर्गमा रूपान्तरण गर्दैछ । अव्यवस्थित भू-उपयोग कृषियोग्य जमिन वा ऊर्वरा जमिनमा सहर वा उद्योग स्थापना गरिएका छन् । घर बनाउन उपयुक्त ठाउँमा खेती गरिएका छन् । ठूलो मात्रामा रहेको बाँझो सडक किनारा, ऐलानी पर्ति, नदी उकास आदि जग्गा कसरी उपयोग गर्ने भन्नेबारे नीति र योजना भेटिँदैन । कुल कृषियोग्य जमिनको २० प्रतिशत अर्थात् ५ भागको एक भाग जमिन अहिले पनि बाँझो रहेको विभिन्न प्रतिवेदनले देखाएका छन् ।

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले २००६ मा तराई मधेशका जिल्लाहरु सप्तरी, सिरहा र धनुषा लगायतका जिल्लाहरुमा गरेको अध्ययन अनुसार ६० हजार परिवार हरवा चरवा र यसको जनसंख्या ३ लाख देखिएको छ । सप्तरीमा भएका दलित घरधुरीको २४, सिरहा १९ र धनुषामा ६ प्रतिशत रहेको उक्त प्रतिवेदनले देखाएको छ । नेपालको १३ प्रतिशत भू-भाग (१८ लाख ८६ हजार हेक्टर) चुरे क्षेत्रले ओगटेको छ । ३३ जिल्लामा १७ प्रतिशत जनसंख्याको बसोबास छ । चुरे क्षेत्रको जमिन ऐलानी छ । गरीव किसानहरुले चुरेको संरक्षण गरेर बसिरहेका छन् । तर बर्सेनि त्यस क्षेत्रको वनबाट काठ तस्करी, ढुङ्गा, रोडा र बालुवा निकासीले गर्दा चुरे क्षेत्र कमजोर हुँदै गईरहेको छ । चुरे राष्ट्रपति संरक्षण कार्यक्रम लागू भएको छ । त्यसको प्रभावकारिता उल्लेखनीय देखिएको छैन । चुरे मासिए एकातिर त्यस क्षेत्रका बासिन्दाको जीवन संकटमा पर्दछ । अर्कोतर्फ समग्र तराईबासीलाई पानीको समस्या हुन्छ ।

### अनुसूची १ : संबिधानमा भूमि सम्बन्धि व्यबस्था

| |
|---|
| मौलिक हक र कर्तव्य, धारा : १६ (१ र ४) |
| (१) प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ । |
| (४) समान कामका लागि लैंगिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन । |
| समानताको हक, धारा : १८ (१, २ र ३)) |
| (१) सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन । |
| (२)कसैलाई पनि भेदभाव गरिने छैन, तर समाजिक, आर्थिक र साँस्कृतिक हिसावले पछाडि परेका व्यक्तिका लागि सकारात्मक बिभेदका लागि रोक लगाएको पनि मानिने छैन । |
| सम्पत्तिको हक, धारा : २५ (१,२, ३ र ४) |
| (१) प्रत्येक नागरिकलाई कानूनको अधिनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ । तर राज्यले व्यक्तिको सम्पत्तिको कर लगाउन र प्रगतिशील करको मान्यता अनुरुप व्यक्तिको आयमा कर लगाउन सक्नेछ ।<br><br>(२) सार्वजनिक हितका लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर अरु कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन । तर कुनै पनि व्यक्तिले गैरकानूनी रुपले आर्जन गरेको सम्पत्तिको हकमा यो उपधारा लागू हुने छैन ।<br><br>(३) उपधारा (२) बमोजिम सार्वजनिक हितका लागि राज्यले कुनै पनि व्यक्तिको सम्पत्ति अधिग्रहण गर्दा क्षतिपूर्तिको आधार |

| |
|---|
| र कार्य प्रणाली ऐन बमोजिम हुनेछ । (४) उपधारा (२) र (३) को व्यवस्थाको भूमिको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, कृषिको आधुनिकीकरण र व्यवसायीकरण, वातावरण संरक्षण, व्यवस्थित आवास तथा शहरी विकास गर्ने प्रयोजनका लागि राज्यले कानून बमोजिम भूमि सुधार, व्यावस्थापन र नियमन गर्न बाधा पर्ने छैन । |
| ३६. खाद्य सम्बन्धि हक |
| (१) प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक हुनेछ ।<br>(२) प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ ।<br>(३) प्रत्येक नागरिकलाई कानून बमोजिम खाद्य सम्प्रुभताको हक हुनेछ । |
| आवासको हक, धारा ३७ (१ र २) |
| (१) प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेछ ।<br>(२) कानून बमोजिम बाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको वासस्थानबाट हटाइने वा अतिक्रमण गरिने छैन । |
| महिलाको हक, धारा ३८ (१ र ६) |
| (१) प्रत्येक महिलालाई लैंगिक भेदभाव विना समान वंशीय हक हुनेछ ।<br>(६) सम्पत्ति तथा पारिवारिक मामिलामा सम्पत्तिमा दम्पतीको समान हक हुनेछ । |
| दलितको हक, धारा ४० (५ र ६) |
| (५) राज्यले भूमिहीन दलितलाई कानून बमोजिम एक पटक जमिन उपलब्ध गराउनु पर्नेछ ।<br>(६) राज्यले आवासविहीन दलितलाई कानून बमोजिम बसोबासको व्यावस्था गर्नेछ । |
| ४२. सामाजिक न्यायको हक (४) |
| (४) प्रत्येक किसानलाई कानून बमोजिम कृषि कार्यका लागि भूमिमा पहुँच परम्परागत रुपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बीउबिजन र कृषि प्रजातिको छनौट र संरक्षणको हक हुनेछ । |
| भाग ४ : निर्देशक सिद्धान्तहरु धारा : ५० (ङ) |
| (ङ) कृषि र भूमिसुधार सम्बन्धी निती :<br>(१) भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी बैज्ञानिक भूमिसुधार गर्ने, |

(२) अनुपस्थित भू-स्वामित्वलाई निरुत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,

(३) किसानको हक हित संरक्षण र संवर्धन गर्दै कृषिको उत्पादन र उपादकत्व बढाउन भूउपयोग नीतिको अवलम्बन गरि भूमिको व्यावस्थापन र कृषिको व्यवसायीकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने,

(४) भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा नियमन र व्यावस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने,

(५) कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने ।

**कार्यक्रम तालिका**
**मिति : १३ चैत २०७४**
**स्थान : नेपालगञ्ज, बाँके**

| समय | क्रियाकलाप | जिम्मेवारी |
|---|---|---|
| **सहजीकरण : कल्पना कार्की, अभियान व्यवस्थापक** | | |
| १०:०० | उपस्थित दर्ता | कार्यालय सचिव |
| १०:३० | स्वागत र उद्धेश्य | अध्यक्ष, जिल्ला भूमि अधिकार मञ्च, बाँके |
| १०:४० | कार्यपत्र प्रस्तुती | आत्मनिर्भर केन्द्र |
| ११:२० | टिप्पणीकर्ताको मन्तव्य | महेश चौधरी |
| १२:०० | खुल्ला छलफल | सहभागी |
| १२:३० | समग्रमा छलफलको साराँश | आत्मनिर्भर केन्द्र |
| १२:४० | धन्यवादसहित समापन | अध्यक्ष, जिल्ला भूमि अधिकार मञ्च, बर्दिया |

## अनुसूची ३ : सहभागी

| क्र.सं. | सहभागीको नाम | जिल्ला | संस्थाको नाम | जिम्मेवारी |
|---|---|---|---|---|
| १ | एकमाया बिश्वकर्मा | बाँके | खजुरा गा. पा. | उपाध्यक्ष |
| २ | बनिलाल थारु | बाँके | जिल्ला भूमि अधिकार मञ्च | संयोजक |
| ३ | नवराज बम | बाँके | जिल्ला भूमि अधिकार मञ्च | सचिब |
| ४ | भरत श्रेष्ठ | काठमाडौ | सि.डि.एस. | |
| ५ | सुनिलकुमार चौधरी | दाङ | जिल्ला भूमि अधिकार मञ्च | पुर्णकालिन कार्यकर्ता |
| ६ | केशबहादुर बि.क | बर्दिया | जिल्ला भूमि अधिकार मञ्च | अध्यक्ष |
| ७ | बिष्णु खड्का | बर्दिया | जिल्ला भूमि अधिकार मञ्च | कोषाअध्यक्ष |
| ८ | राम कुमारी चौधरी | बर्दिया | जिल्ला भूमि अधिकार मञ्च | पूर्णकालिन कार्यकता |
| ९ | कपिलकुमार शाही | बर्दिया | जिल्ला भूमि अधिकार मञ्च | सचिब |
| १० | लक्ष्मण बि.क | बर्दिया | जिल्ला भूमि अधिकार मञ्च | सदस्य |
| ११ | पबित्रा आर्यल | बर्दिया | जिल्ला भूमि अधिकार मञ्च | पूर्णकालिन कार्यकता |
| १२ | होमेन्द्र थापा | बर्दिया | जिल्ला भूमि अधिकार मञ्च | सयोजक |
| १३ | रुद्र सुबेदी | बाँके | राजधानी दैनिक | ब्यूरो प्रमुख |
| १४ | ठाकुर सिह थारु | बाँके | नेपाल पत्रकार | अध्यक्ष |

| | | | | |
|---|---|---|---|---|
| १५ | जगेश्वर थारु | नेपालगञ्ज | माउन्टेन टि.भि. | समाचारदाता |
| १६ | धर्मराज जोशी | बझाङ | नेस | नेस फेसिलेटर |
| १७ | जगत देउजा | सिन्धुपाल्चोक | सि.एस.आर.सि | कायकारी निर्देशक |
| १८ | जसबिर वड | बाँके | जिल्ला भूमि अधिकार मञ्च | अध्यक्ष |
| १९ | बिष्णु रोका | बाँके | जिल्ला भूमि अधिकार मञ्च | पूर्णकालिन |
| २० | बिष्णु पोखेल | बाँके | सिएसडिआर | सदस्य |
| २१ | कल्पना कार्की | सिन्धुपाल्चोक | सि.एस.आर.सि | अभियान ब्यबस्थापक |
| २२ | प्रेमा शाही | बाँके | राष्ट्रि भूमि अधिकार मञ्च | केन्द्रिय सदस्य |
| २३ | आई पि खरेल | बाँके | नेकपा (माओबादी केन्द्र) | प्रदेश सदस्य |
| २४ | लालमणि भण्डारी | बाँके | सि.एस.डि.आर | भूमि अधिकारकर्मी |
| २५ | भोला महत | बाँके | इन्सेक | संयोजक |
| २६ | प्रेम बि.क | बाँके | जिल्ला भूमि अधिकार मञ्च | सदस्य |
| २७ | सुधा थारु | बाँके | | |
| २८ | जाबेद अहमद | बाँके | बागेश्वरी टि.भि. | रिर्पोटर |
| २९ | चनेश्वर त्रिपाठी | बाँके | मृतम्भारा दैनिक | सम्पादक |
| ३० | दयाराम परियार | बर्दिया | जिल्ला भूमि अधिकार मञ्च | पूर्णकालिन कार्यकर्ता |
| ३१ | छोटेलाल चौधरी | बर्दिया | राष्ट्रिय भूमि अधिकार मञ्च | केन्द्रिय सदस्य |
| ३२ | प्रकाश नेगी | बाँके | फियान नेपाल | कार्यक्रम अधिकृत |
| ३३ | सरस्वती गौतम | दाङ | नेपा (एमाले) | प्रदेश सभा सदस्य |
| ३४ | सुरेन्द्र बहादुर हमाल | बाँके | नेपाली काँग्रेस | सदस्य |
| ३५ | धमकली | दाङ | प्रदेश सभा | प्रदेश सभा सदस्य |
| ३६ | मेघ बहादुर बि.सि | दाङ | राष्ट्रिय भूमि अधिकार मञ्च | केन्द्रिय सदस्य |
| ३७ | उत्तम कुमार वली | दाङ | नेकापा (एमाले) | प्रदेश सभा सदस्य |
| ३८ | रेवती रमण शर्मा | दाङ | नेकापा | प्रदेश सभा सदस्य |
| ३९ | कृण्ण कुमार चौधरी | दाङ | स्वान | अध्यक्ष |
| ४० | राम मोती चौधरी | दाङ | स्वान | सदस्य |
| ४१ | मोहम्मद अन्सारी | बाँके | नेपाली कांग्रेस | प्रदेश सभा सदस्य |
| ४२ | भागी राम चौधरी | दाङ | दंगीशरण गाउँपालिका | अध्यक्ष |
| ४३ | राजेन्द्र शर्मा | सुर्खेत | जिल्ला भूमि अधिकार मञ्च | सचिब |
| ४४ | शान्ता परियार | दाङ | जिल्ला भूमि अधिकार मञ्च | पूर्णकालिन |
| ४५ | भगत राम थारु | नेपालगञ्ज | भिजा टि.भि | समाचारदाता |
| ४६ | अशोककुमार भुसाल | बाँके | नापी कार्यालय | प्रमुख नापी अधिकृत |
| ४७ | दार्धव पोखेल | बाँके | मालपोत कार्यालय | पमुख मालपोत अधिकृत |
| ४८ | मुरारी खरेल | बाँके | राष्ट्रिय भूमि अधिकार मञ्च | |
| ४९ | देवेन्द्रराज पौडेल | बाँके | दैनिक नेपालगञ्ज | समाचारदाता |
| ५० | टेक बहादुर नेपाली | बाँके | जिल्ला बन कार्यलय | नि.जि.व.अ |
| ५१ | शान्ती ढकाल | बाँके | महिला अधिकार मञ्च | पूर्व अध्यक्ष |
| ५२ | बालकृष्ण ओली | बर्दिया | नागरिक समाज | संयोजक |
| ५३ | दीपक शर्मा | बर्दिया | फुलवारी एफ.एम. | प्रमुख |

| | | | | |
|---|---|---|---|---|
| ५४ | हेमराज उप्रेती | ललितपुर | ल्याण्ड रिसर्चर | ए.एफ.टि.ओ |
| ५५ | रवि थापा | बाँके | सि.एस.डि.आर | कार्यलय सहयोगी |
| ५६ | कुल प्रसाद प्रोखेल | बर्दिया | प्रदेश सभा | सदस्य |
| ५७ | रवि लाल थारु | बर्दिया | बार बर्दिया | अगुवा |
| ५८ | लुट बहादुर रावत | बाँके | कोहलपुर ना. पा | प्रमुख |
| ५९ | महेश चौधरी | दाङ |  | स्वतन्त्र |
| ६० | लक्ष्मी न्यौपाने | बर्दिया | जिल्ला भुमि अधिकार मञ्च | पूर्णकालिन |
| ६१ | पार्वती चौधरी | बाँके | जिल्ला भूमि अधिकार मञ्च | पूर्णकालिन |
| ६२ | चल्टुराम थारु | बर्दिया | टि.सि.डि.एफ. | अध्यक्ष |
| ६३ | लौटी थारु | बर्दिया | प्रदेश सभा | सदस्य |
| ६४ | नमस्कार शाह | बाँके | गै.स.स. महासंघ | सचिब |
| ६५ | कृष्ण के.सी | बाँके | प्रदेश सभा | सदस्य |
| ६६ | निशु जोशी | बाँके | रेडियो सदभाव | समाचारदाता |
| ६७ | जगबिर चौधरी | दाङ | जिल्ला भूमि अधिकार मञ्च | पूर्णकालिन |
| ६८ | हरि नारायण चौधरी | दाङ | जिल्ला भूमि अधिकार मञ्च | अध्यक्ष |
| ६९ | रेमन्त चौधरी | दाङ | जिल्ला भूमि अधिकार मञ्च | संयोजक |
| ७० | मनिषा बि.क | बाँके | जिल्ला भूमि अधिकार मञ्च | पूर्णकालिन |
| ७१ | भुवनेश्वर चौधरी | बर्दिया | प्रदेश सभा | सदस्य |
| ७२ | कबि राम थारु | बर्दिया | प्रदेश सभा | सदस्य |

## अनुसूची ३ : कार्यक्रमको तस्वीरहरु






समृद्धिको पहिलो आधार, परिवेश सुहाउँदो भूमिसुधार
नीतिगत सम्वाद
नेपालगञ्ज, बाँके
१३ चैत २०७४
CSRC


सम्वृद्धिको पहिलो आधार, परिवेश सुहाउँदो भूमिसुधार
नीतिगत सम्वाद
नेपालगञ्ज, बाँके
१३ चैत २०७४
CSRC


सम्वृद्धिको पहिलो आधार, परिवेश सुहाउँदो भूमिसुधार
नीतिगत सम्वाद
नेपालगञ्ज, बाँके
१३ चैत २०७४
CSRC













